# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश

सुचना । सुचना ॥ सुचना ॥।

*सुचना प्रकाशन मिति : २०८३।०५।१६*

बुटवल उपमहानगरपालिका नगरकार्यपालिका कार्यालयको आ.व. २०८३।०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगर प्रमुख गृहिणी महिला स्वरोजगार तालिम कार्यक्रमहरु स्वरोजगार तथा रोजगारी सिर्जना गर्ने उद्देश्यले संचालन गरिने भएकोले तपशिल बमोजिमका तालिमहरुमा सहभागी हुन इच्छुक गृहिणी महिलाहरुले नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम संचालन ऐन २०८१ को दफा ९ को उपदफा १ को (ख), अनुसुची १ अनुसारको ढाँचामा तोकिएको आवश्यक शर्त तथा कागजातहरु सहित सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा तालिममा सहभागिताका लागि दरखास्त निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ । दरखास्त फाराम बुटवल उपमहानगरपालिकाको वेवसाइट www.butwalmun.gov.np मा तथा सम्बन्धित वडा कार्यालयवाट र बुटवल उपमहानगरपालिका कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

तपशिल :

| सि.नं. | तालिमको नाम | संख्या (जना) | समयावधि (दिन/ घण्टा) | योग्यताकम |
|---|---|---|---|---|
| १ | जुट कपडाको झोला बनाउने तालिम | ४० | १५ दिन | साक्षर |
| २ | अचार बनाउने तालिम | २० | १५ दिन | साक्षर |
| ३ | केक, वेकरी बनाउने तालिम | ४० | १५ दिन | साक्षर |
| ४ | जुत्ता, चप्पल बनाउने तालिस | ४० | १ महिना | साक्षर |
| ५ | चुरापोते बनाउने तालिम | २० | १५ दिन | साक्षर |
| ६ | डल्लो साबुन, सरफ बनाउने तालिम | ४० | १५ दिन | साक्षर |
| ७ | थारु समुदायको भेषभुषा तयार गर्ने तालिम | २० | ४५ दिन | शर्त अनुसार |
| ८ | झीनीया रोटी, सेल रोटी, तथा अन्य रोटीका परिकार बनाउने तालिम | २० | ७ दिन | साक्षर |
| ९ | शुभ विवाह माला साइपाटा तथा श्रृगार सामाग्री बनाउने तालिम | ४० | १५ दिन | साक्षर |
| १० | च्याउ खेति सम्बन्धी तालिम | २० | १५ दिन | साक्षर |
| ११ | स्वीटर बनाउने तालिम | २० | २ महिना | साक्षर |

Bijay

दीपक ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत
सहसचिव

अनुरोधक
बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल रुपन्देही ।

# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बुटवल, रुपन्देही
## लुम्बिनी प्रदेश

**आवश्यक कागजात तथा शर्तहरु :**

१) नेपाली नागरिकताको प्रमाणपत्र वा मतदाता परिचयपत्रको प्रतिलिपि ।

२) तालिममा सहभागी हुँनका लागि २० देखि ६० वर्ष भित्रको महिला हुनुपर्नेछ ।

३) थारु समुदायको भेषभुषा तयार गर्ने सम्बन्धी तालिमको हकमा दरखास्त पेश गर्दा वेसीक सिलाई कटाई तालिम प्राप्त गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

४) २० जना सम्मको समूहमा वडा कार्यलय मार्फत प्राप्त हुने निवेदन र स्थानीयवासीहरुलाई प्राथमिकता दिइनेछ ।

५) विपन्न, दलित, एकल महिला, द्वन्द्ध पीडित, जनजाती समुदायका महिला वा अन्य वेरोजगार तथा रोजगारी गर्न इच्छुक महिलाहरुलाई प्राथमिकता दिइनेछ ।

६) विगत वर्षहरुमा नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम अन्तरगत तालिम प्राप्त नगरेका, प्रथम पटक निवेदन पेश गर्नेलाई प्राथमिकता दिइनेछ ।

७) एक दरखास्तकर्ताले एउटा मात्र इच्छाएको तालिममा सहभागी हुन पाउनेछ ।

८) छनौट भएका सहभागीहरुले तालिम अवधि भर नियमित सहभागी हुनुपर्नेछ साथै तालिम सम्पन्न पश्चात सोही क्षेत्रमा संलग्न रहि स्वरोजगार हुनुपर्ने प्रशिक्षार्थीको दायित्व हुनेछ ।

९) नियमानुसार सहभागी प्रशिक्षार्थी तथा प्रशिक्षकलाई दैनिक खाजा तथा यातायात खर्च उपलब्ध गराइने छैन ।

१०) दरखास्त प्राप्त भए पश्चात सहभागीहरुको छनौट गर्ने तथा तालिम के, कसरी, कहाँ संचालन गर्ने तथा अन्य व्यवस्थापकीय विषयको जिम्मेवारी बुटवल उपमहानगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

दीपक ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत
सहसचिव

अनुसुची-१

(दफा ९ को उपदफा (१) सँग सम्बन्धीत)

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवल, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

तुलसा अर्याल पाण्डे
बरिष्ठ उपसचिव (निर्देशक)

नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रममा संलग्न हुन चाहने महिलाले दिने निवेदन ।

श्री......... नं. वडा कार्यलय,

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय,

बुटवल, रुपन्देही ।

नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम संचालन ऐन, २०८१ ले निर्धारण गरेको व्यवस्था बमोजिम मैले न्युनतम रोजगारीको अवसर नपाएको र बुटवल उपमहानगरपालिकाद्वारा संचालित नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रममा संलग्न हुन ईच्छुक भएकोले देहाय बमोजिमको विवरण सहित स्वरोजगार कार्यक्रममा संलग्न हुनका लागि यो निवेदन पेश गरेको छु ।

१) नाम, थर : ..........................................

२) स्थायी ठेगान : ..................................... न.पा. वडा नं. .............

३) अस्थायी ठेगाना : ......................................... न.पा. वडा नं. ................

४) परिवारको सदस्य संख्या ...................... जना

५) स्वदेश/वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यको संख्या :.............

६) वार्षिक पारिवारिक आय रु ......................... (अक्षरुपी .......................................................................................................)

७) शैक्षिक योग्यता : .................................

८) आफुले हासिल गरेको सीप/ तालिमको विवरण :

९) तालिम लिन चाहेको विषय/ क्षेत्र : ................................................

१०) काममा खटिन चाहेको सम्भावित समय .................. देखि ........................

११) काम गर्न चाहेको ठाउँ : ...................................

१२) नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि र सम्पर्क नं. अनिवार्य हुनुपर्नेछ ।

उपरोक्त बमोजिमको विवरण साँचो हो, झुठा ठहरे प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला भनि सहिछाप गर्ने ।

निवेदकको दस्तखत

सम्पर्क नं.

मिति :